# गरुडा नगरपालिका

Garuda Municipality

# नगर कार्यपालिकाको कार्यालय

# Office of The Municipal Executive

गरुडा,रौतहट

Garuda, Rautahat

मधेश प्रदेश, नेपाल

Madhesh Province, Nepal


पत्र संख्या: २०८३/०८४ मिति:२०८३/०६/०५

चलानी नं.: ४८९ ने.सं. ११४६ ञंलाथ्व दशमी, सोमबार

विषय: विद्यालयमा बालमैत्री अनुशासन, स्वस्थकर खाद्यपदार्थ तथा विद्यालयीय कार्यक्रम व्यवस्थापन सम्बन्धमा।

श्री निजी तथा संस्थागत विद्यालय सबै
गरूडा नगरपालिका, रौतहट।

उपरोक्त सम्बन्धमा श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत सञ्चालित हेलो सरकार प्रणाली मार्फत टिकट नं. HS-WEB-106503-QL बाट निजी विद्यालयसँग सम्बन्धीत प्राप्त गुनासो अनुसार नगर क्षेत्रभित्र सञ्चालित निजी तथा संस्थागत विद्यालयहरूमा बालबालिकामाथि शारीरिक/मानसिक सजाय, विद्यालय परिसर तथा आसपासमा अस्वस्थकर खाद्यपदार्थको बिक्री–वितरण, तथा विद्यालयका सांस्कृतिक/मनोरञ्जनात्मक कार्यक्रमहरूमा बालबालिकाको उमेर तथा मर्यादाअनुकूल नभएका गीत–संगीत तथा नृत्यको प्रयोग हुने गरेको सम्बन्धमा ध्यानाकर्षण गराइएको छ।

बालबालिकाको सुरक्षित, मर्यादित, स्वस्थ तथा बालमैत्री वातावरणमा शिक्षा प्राप्त गर्ने अधिकारलाई मध्यनजर गर्दै देहायबमोजिमका विषयहरूमा आवश्यक सुधार तथा पालना गर्न गराउन यो निर्देशन जारी गरिएको छ।

१. शारीरिक तथा मानसिक सजाय पूर्ण रूपमा निषेध गर्नेः विद्यालयमा विद्यार्थीलाई कुटपिट गर्ने, लौरो वा अन्य साधन प्रयोग गरी शारीरिक सजाय दिने, डर–त्रास देखाउने, सार्वजनिक रूपमा अपमानित गर्ने वा मानसिक रूपमा प्रताडित गर्ने कार्य नगर्नु/नगराउनुहुन निर्देशित गरिन्छ। विद्यार्थीको अनुशासन कायम गर्दा बालमैत्री तथा सकारात्मक अनुशासनका विधिहरू अवलम्बन गर्नुपर्नेछ।

२. बाल संरक्षण तथा गुनासो सुनुवाइको व्यवस्था गर्नेः विद्यालयले विद्यार्थी तथा अभिभावकका गुनासा सुरक्षित एवं गोप्य रूपमा सुनुवाइ गर्न सक्ने प्रभावकारी व्यवस्था मिलाउनुपर्नेछ। बालबालिकामाथि हुने हिंसा, दुर्व्यवहार वा अनुचित व्यवहारसम्बन्धी सूचना प्राप्त भएमा प्रचलित कानूनबमोजिम आवश्यक प्रक्रिया अवलम्बन गरी सम्बन्धित निकायलाई जानकारी गराउनुपर्नेछ।

३. विद्यालय परिसर तथा आसपासमा खाद्यपदार्थको व्यवस्थापनः विद्यालयले विद्यार्थीहरूलाई उपलब्ध गराइने तथा विद्यालय परिसरभित्र बिक्री–वितरण हुने खाद्यपदार्थको गुणस्तर, स्वच्छता र पोषणसम्बन्धी पक्षमा विशेष ध्यान दिनुपर्नेछ। विद्यालय आसपासका पसल तथा खाद्यपदार्थ विक्रेताहरूलाई समेत बालबालिकाको स्वास्थ्यमा प्रतिकूल असर पार्न सक्ने अस्वस्थकर खाद्यपदार्थको बिक्री–वितरण न्यूनीकरण गर्न आवश्यक समन्वय तथा सचेतना अभिवृद्धि गर्नुपर्नेछ। विद्यालयले सम्भव भएसम्म स्थानीय तथा पोषणयुक्त खाद्यपदार्थ, जस्तै फलफूल, मकै, भटमासलगायत स्वस्थकर विकल्पलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाउनुपर्नेछ।

गरुडा नगरपालिका
Garuda Municipality
# नगर कार्यपालिकाको कार्यालय
# Office of The Municipal Executive
गरुडा,रौतहट
Garuda, Rautahat
मधेश प्रदेश, नेपाल
Madhesh Province, Nepal

४. विद्यालयीय सांस्कृतिक तथा मनोरञ्जनात्मक कार्यक्रमः विद्यालयमा आयोजना हुने सांस्कृतिक, मनोरञ्जनात्मक तथा अतिरिक्त क्रियाकलापमा बालबालिकाको उमेर, मनोविज्ञान, शैक्षिक वातावरण तथा सामाजिक मर्यादालाई ध्यानमा राखी उपयुक्त गीत, संगीत, नृत्य तथा सामग्री छनोट गर्नुपर्नेछ । बालबालिकाको उमेर तथा विद्यालयीय वातावरणअनुकूल नभएका अश्लील, द्विअर्थी वा अनुचित सामग्री प्रयोग नगर्न/नगराउन निर्देशित गरिन्छ। विद्यालयीय कार्यक्रममार्फत बालबालिकामा नैतिकता, अनुशासन, सिर्जनशीलता, सामाजिक उत्तरदायित्व, राष्ट्रियता, सहिष्णुता तथा सकारात्मक जीवनमूल्यको विकास हुने वातावरण निर्माण गर्न विशेष ध्यान दिनुपर्नेछ।

५. अभिभावक तथा विद्यार्थीप्रति सम्मानजनक व्यवहार गर्नेः विद्यालय प्रशासन, शिक्षक तथा कर्मचारीहरूले विद्यार्थी र अभिभावकसँग मर्यादित, सम्मानजनक तथा पारदर्शी व्यवहार गर्नुपर्नेछ । कुनै गुनासा वा समस्या भएमा सम्बन्धित पक्षसँग संवाद तथा समाधानको प्रक्रियालाई प्राथमिकता दिनुपर्नेछ।

६. कानून तथा प्रचलित मापदण्डको पालना गर्नेः विद्यालय सञ्चालन गर्दा बालबालिकासम्बन्धी प्रचलित कानून, शिक्षा सम्बन्धी कानून तथा नियमावली, स्थानीय तहबाट जारी गरिएका निर्देशिका/मापदण्ड र सम्बन्धित निकायबाट जारी निर्देशनहरूको पूर्ण पालना गर्नुपर्नेछ।

उल्लिखित विषयहरूमा विद्यालयले आवश्यक सुधारात्मक कार्य गरी बालबालिकाका लागि सुरक्षित, स्वस्थ, मर्यादित तथा बालमैत्री शैक्षिक वातावरण सुनिश्चित गर्नुपर्नेछ । यस विषयमा नगरपालिकाबाट आवश्यकतानुसार अनुगमन तथा निरीक्षण गरिने व्यहोरा समेत जानकारी गराइन्छ। निर्देशनको पालना नगरेको पाइएमा प्रचलित कानूनबमोजिम आवश्यक कारबाही प्रक्रिया अगाडि बढाइनेछ।

अतः यस पत्रलाई गम्भीरतापूर्वक लिई उल्लिखित विषयहरूमा आवश्यक व्यवस्था मिलाउनुहुन तथा विद्यालयको तर्फबाट गरिएको सुधारसम्बन्धी संक्षिप्त विवरण आवश्यकतानुसार नगरपालिकामा उपलब्ध गराउनुहुन निर्देशानुसार अनुरोध छ।

सरोज गौतम
शिक्षा अधिकृत

.....................
नागेन्द्र राय यादव
नि. प्रमुख प्रशासकीय अधिकृत

नागेन्द्र राय यादव
नि. प्रमुख प्रशासकिय अधिकृत

Email
itofficer.garudamun@gmail.com
garudamun.prashasan@gmail.com
info@garudamun.gov.np

Phone No.
055-565201/565301
"समृद्ध नगर,
सुखी नगरवासी"

Website
https://garudamun.gov.np